फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (२) संख्याः (१२) मितिः २०७५।११।३०

## भाग-२

## फालेलुङ गाउँपालिका

### ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५

**प्रस्तावना :** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभबको सदुपयोग गरि निजहरुप्रति श्रदा, आदर र सद्भाव अभिबृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन ०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को बुँदा (त) को २ बमोजिम जेष्ठ नागरिक , अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने गाउंपालिकाको अधिकारको पुर्ण रुपमा प्रयोग गर्न फालेलुङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन–२०७५ को दफा (४) को अधिनमा रही गाउँकार्यपालिकाले यो निर्देशिका स्विकृत गरि फालेलुङ गाउँपालिका क्षेत्र भरि लागु गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५ रहेको छ ।

(२) यो निर्देशिका प्रमाणित भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२) परिचय पत्र वितरणको आधार :** (१) नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,

(२) ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था ।

(३) स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को बुँदा (त) को (२) मा भएको व्यवस्था

(४) नेपालको संविधानको अनुसूची ८ को क्र.सं १६ मा भएको व्यवस्था ।

**३) उदेश्य :** (१) यस कार्यविधिको उद्देश्य देहाय अनुसार रहेका छन् ।

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४) लक्षित वर्ग :** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५) ज्येष्ठ नागरिकको बर्गिकरण** : ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम गरिएको छ ।

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक ,
ख) सत्तरी वर्ष उमेर पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ,
ग) असहाय ज्येष्ठ नागरिक ,
घ) अशक्त ज्येष्ठ नागरिक
ङ) एकल ज्येष्ठ नागरिक

**६) परिचय पत्र वितरणका मापदण्ड :** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७) ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा :** ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

**८) परिचय पत्र वितरण प्रक्रिया :** (१) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी बर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको प्रमुख समक्ष वडा कार्यालयको सिफारिस ,दुई प्रति पासपोर्ट साइजको फोटो तथा नागरिकताको प्रतिलिपि पेश गरि निवेदन दिनु पर्नेछ ।

(२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

३) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ ।

४) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत सम्भव भए सम्म तोकिए बमोजिमको सफ्ट्वेयरमा कम्प्युटराइज्ड गरी गाउँपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

५) ज्येष्ठ नागरिक परिचय –पत्रको प्रतिलिपि लिन सम्बन्धित वडा कार्यालयको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९) विविध :** (१) ज्येष्ठ नागरिक सम्बन्धि परिचय पत्र यस अघि वितरण भएको भए यसै बमोजिम वितरण भएको मानिनेछ ।

(२) ज्येष्ठ नागरिक सम्बन्धि कुनै पनि कार्यक्रमका लागि परिचय पत्र प्राप्त व्यक्ति मात्र लाभग्राही हुनेछन् ।

अनुसूची १

ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा

**फालेलुङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**थोक्लिम्बा , पाँचथर**
**१ नं प्रदेश, नेपाल**
**ज्येष्ठ नागरिक परिचय–पत्र**

प्र.प.नंः

नाम थर : ..........................

ना.प्र.प.नं : ..............................

ठेगाना : जिल्ला .......................... गाउँपालिका ............................

वडा नं. : ........................ टोल/गाउँ : ....................................

उमेर : ............................ लिङ्ग.........................

उपलव्ध छुट तथा सुविधाहरु : ...........................

पति/पत्निको नाम : ......................

हेरचाह केन्द्रमा बसेको भए सो को विवरण : .....................

संरक्षकको नाम, थर सम्पर्क ठेगाना , मोवाइल नं : ...................................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम ........................................................................................................................

प्रमाणित गर्ने अधिकृतको :

दस्तखत : ................................

नाम थर : ...............................

पद : .....................................

कार्यालय : ..........................

**आज्ञाले**
**मौसम ढुङ्गेल**
**प्रमुख प्रशासकीय अधिकृत**